# व्यवसायिक प्याज खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना:** सुदूरपश्चिम प्रदेशमा प्याज खेतीको व्यवसायीकरणमार्फत यसको उत्पादकत्व तथा उत्पादन वृद्धि गरी आन्तरिक माग पुर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि यसको खेतीमा उच्चतम प्रविधि प्रयोग र व्यापक क्षेत्र विस्तार गर्न सघन रुपमा कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता महसुस गरी प्रदेश सरकारको नीति तथा कार्यक्रममा कृषि क्षेत्रलाई प्राथमिकता दिइएकोले "व्यवसायिक प्याज खेती कार्यक्रम" लाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न वान्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "व्यवसायिक प्याज खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि सुदूरपश्चिम प्रदेश भर लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले व्यवसायिक प्याज खेती कार्यक्रम सम्झनु पर्छ।

(ख) "कृषक" भन्नाले कार्यक्रममा आवद्ध भई व्यवसायिक प्याज खेती गर्न इच्छुक व्यक्ति, कृषक समूह, कृषि सहकारी संस्था, कम्पनी तथा फर्म समेत सम्झनु पर्छ ।

(ग) "सामाजिक परिचालक" भन्नाले दफा १५ बमोजिम सम्बन्धित ज्ञान केन्द्रले करारमा नियुक्त गरेको कर्मचारी सम्झनु पर्छ ।

(घ) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले सुदुरपश्चिम प्रदेश सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।



निमित्त सचिव

(छ) "लाभग्राही" भन्नाले कार्यक्रममा आवद्ध भई व्यवसायिक प्याज खेती गर्ने कृषक, कृषक समूह, कृषि सहकारी संस्था, नीजि कम्पनी तथा फर्म समेत सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित अनुदान व्यस्थापन तथा प्राविधिक समिति सम्झनु पर्छ।

(झ) "ज्ञान केन्द्र" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. <u>अनुदान व्यवस्थापन तथा प्राविधिक समितिः</u> कृषि ज्ञान केन्द्रमा देहाय बमोजिम अनुदान व्यस्थापन तथा प्राविधिक समिति रहनेछः-

(क) प्रमुख, कृषि ज्ञान केन्द्र - संयोजक

(ख) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको जिल्ला समन्वय समिति -सदस्य

(ग) प्रतिनिधि, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र -सदस्य

(घ) प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रकको कार्यालय -सदस्य

(ङ) प्रमुख, अध्ययन परीक्षण तथा तथ्यांक शाखा, कृषि ज्ञान केन्द्र -सदस्य-सचिव

४. <u>बैठक सम्बन्धी कार्यविधि</u> :(१) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(२) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ।

(३) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(४) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

मिति सचिव

५. **समितिको काम कर्तव्य र अधिकार:** दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रचलित कानून बमोजिम आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु निर्धारण गर्ने,

(ख) प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी अनुदानग्राहीको सम्भावित नामावली तयार तथा सार्वजनिक गर्ने ,

(ग) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(घ) सञ्चालित कार्यक्रमको चौमासिक रुपमा समिक्षा गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्ने, र

(ङ) कार्यक्रम कार्यान्वयन गर्ने इकाईलाई आवश्यक निर्देशन दिने ।

६. **कार्यक्रम सञ्चालन क्षेत्र:** (१) यो कार्यक्रम विस्तृत सम्भाव्यता अध्ययनको आधारमा मन्त्रालयले तोकेको जिल्लामा सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्नका लागि जिल्ला छनोट गर्दा देहायका विषयहरुलाई ध्यान दिनु पर्नेछ :-

(क) सतह तथा भूमिगत सिंचाईको उपलव्धता,

(ख) सडक र विद्युतको उपलव्धता,

(ग) व्यवसायको दीगोपनाको सुनिश्चितता,र

(घ) बजारको पहुँच ।

७. **कार्यक्रमका मुख्य क्रियाकलाप:** (१) यस कार्यक्रमका मुख्य क्रियाकलापहरु देहाय बमोजिम हुनेछन:-

(क) प्याज खेतीको क्षेत्रफल विस्तार,

(ख) प्याजको उत्पादकत्व वृद्धि गर्न प्रतिफलमा आधारित अनुदान,

(२) उपदफा (१) बमोजिमका कार्यहरु प्रभावकारी बनाउन प्याज उत्पादक कृषकहरु, नर्सरी, कृषक संस्थाहरु, कृषि बजार समिति, उद्योग बाणिज्य संघ, बीमा कम्पनी, भण्डारण गृहहरु तथा विभिन्न सरकारी तथा गैर सरकारी सेवा प्रदायक निकायहरु बीच आवश्यकता अनुसार समन्वय र सहकार्य गरिनेछ।



समिति सचिव

८. <u>कार्यक्रम तर्जुमा र कार्यान्वयन:</u> (१) व्यवसायिक प्याज खेती कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले सम्बन्धित ज्ञान केन्द्रको वार्षिक कार्यक्रममा नै समावेश हुने गरी बजेटको व्यवस्था गर्नेछ ।

(२) दफा ६ को उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयनका लागि तोकिएका जिल्लाहरुमा ज्ञान केन्द्रले ३० दिन समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गरी व्यवसायिक प्याज खेती गर्न इच्छुक कृषकहरुको आवेदन माग गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरुले अनुसुची-१ बमोजिमको ढाँचामा कृषि ज्ञान केन्द्रमा आवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम आवेदन गर्ने कृषकहरुले तराईमा न्यूनतम ५(पाँच) कठ्ठा र पहाडी क्षेत्रमा न्युनतम २.५ रोपनी क्षेत्रफलमा प्याज खेती गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा तोकिएको भन्दा कम क्षेत्रफल भएका कृषकहरुले, सामुहिक रुपमा वा कृषक समुह, सहकारी संस्थामार्फत एकमुष्ठ आवेदन गर्न सक्नेछन् ।

(६) उपदफा (५) बमोजिम आवेदन गर्ने कृषक समूह वा कृषि सहकारीले जग्गाको सुधार गरी चक्लाबन्दी गरी खेती गर्नेलाई प्राथमिकता दिईनेछ ।

(७) उपदफा (३) बमोजिम ज्ञान केन्द्रमा प्राप्त भएका आवेदनहरु समितिमा पेश गरी अनुसुची-२ बमोजिमको मूल्याङ्कनका आधारमा लाभग्राही छनौट गरिनेछ ।

(८) उपदफा (७) बमोजिम छनौट भएका लाभग्राहीहरुलाई तोकेको आवश्यक कागजातहरुसहित सम्झौता गर्न आउन ज्ञान केन्द्रले १५ दिनको अवधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम प्रकाशित सूचना अनुसार सम्झौता गर्न आउने लाभग्राहीसँग अनुसुची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम सम्झौता गरी कार्यक्रममा सहभागी कृषकहरुलाई ज्ञान केन्द्रबाट आवश्यकता अनुसार प्राविधिक सहजीकरण तथा क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन हुनेछ ।

निमित्त सचिव

## परिच्छेद-३

## प्याज खेतीमा प्रतिफलमा आधारित अनुदान

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी ... धनगढी, कैलाली

९. **अनुदान रकम** : (१) यस कार्यक्रम अन्तर्गत दफा ८ को उपदफा (४) र (५) अनुसारको क्षेत्रफलमा व्यवसायिक प्याज खेती गर्ने कृषकलाई अनुसुची-५ बमोजिमको लाभ लागत विश्लेशणका आधारमा प्रति कठ्ठा कम्तीमा ३ क्वीन्टल वा प्रति रोपनी ४.५ क्वीन्टल उत्पादनमा प्रति के.जी. ५ (पाँच) रुपैयाँ अनुदान रकम प्रदान गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रति कठ्ठा कम्तीमा ३ क्वीन्टल वा प्रति रोपनी ४.५ क्वीन्टल भन्दा कम उत्पादन गर्ने कृषकलाई अनुदान उपलव्ध गराइने छैन ।

## परिच्छेद-४

## कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

१०. **कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन:** (१) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने मूख्य जिम्मेवारी सम्बन्धित कृषि ज्ञान केन्द्रको हुनेछ ।

(२) सञ्चालित कार्यक्रमको मन्त्रालय वा निर्देशनालयले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा निरीक्षण गरेको प्रतिवेदन कृषि ज्ञान केन्द्रले निर्देशनालयमार्फत मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मन्त्रालयले गरेको अनुगमन तथा निरीक्षणको प्रतिवेदन र उपदफा (३) बमोजिमको प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा पठाउनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको वा आर्थिक अपचलन भएको लगायतका विषयमा उजुरी वा गुनासो प्राप्त भएमा मन्त्रालयले सम्बन्धित विषय विज्ञसहितको टोली गठन गरी जाँचबुझ गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम गठित टोलीले स्थलगत रुपमा जाँचबुझ गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको देखिएमा सो बमोजिम गर्न वा गराउन सम्बन्धित लाभग्राही वा ज्ञान केन्द्रलाई निर्देशन दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त निर्देशनलाई लाभग्राहीले प्रभावकारी ढंगले कार्यान्वयन गर्नु पर्नेछ ।



निमित्त सचिव

(९) उपदफा (७) बमोजिम प्राप्त निर्देशनलाई कार्यान्वयन नगर्ने लाभग्राही वा ज्ञान केन्द्रका प्रमुखलाई प्रचलित कानून बमोजिम मन्त्रालयले कारवाही गर्न वा कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

(१०) उपदफा (६) बमोजिम प्राप्त प्रतिवेदनबाट आर्थिक अपचलन भएको देखिएमा मन्त्रालयले आवश्यक अनुसन्धान तथा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(११) सञ्चालित कार्यक्रमको समिति, मन्त्रालय तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सोझै अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

## परिच्छेद-५
## कार्यक्रमको मूल्याङ्कन, जाँचपास र फरफारक

११. कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारकः (१) यस कार्यविधि बमोजिम प्याज खेतीका सम्झौता भइ कार्यक्रम सञ्चालन गरेका लाभग्राहिहरुले बाली कटानी हुनुभन्दा १ महिना अगावै अनुसुची-४ बमोजिमको स्थलगत अनुगमन तथा बाली कटानी गरिपाउँ भनी ज्ञान केन्द्र समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएको १ महिना भित्र ज्ञान केन्द्रले कार्यालयका प्राविधिक तथा सामाजिक परिचालकहरुको टोली स्थलगत रुपमा खटाई बाली कटानी गरी कुल अनुमानित उत्पादनको विवरण र अनुदान रकम खुल्ने गरि अनुसुची-६ बमोजिमको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको प्राविधिक टोलीले दफा १० बमोजिम अनुगमन तथा निरीक्षणबाट औंल्याएको विषय कार्यान्वयन भए नभएको व्यहोरा समेत कार्यसम्पन्न प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम खटिएको टोलीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा ज्ञान केन्द्रले प्रचलित कानून बमोजिम लाभग्राहीको बैंक खातामार्फत अनुदान रकम भुक्तानी गर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुदानको रकम भुक्तानी भएको जानकारी सम्बन्धित ज्ञान केन्द्रले ७ दिन भित्र मन्त्रालयमा दिनु पर्नेछ ।

(६) भुक्तानी तथा आर्थिक विषय सम्बन्धमा यस कार्यविधिमा लेखिएको हकमा यसै बमोजिम र नलेखिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

निमित्त सचिव

## परिच्छेद-५

## विविध

१२. **प्रगति प्रतिवेदन**:(१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरण सहितको चौमासिक प्रतिवेदन ज्ञान केन्द्रले निर्देशनालयमार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(३) मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र यस कार्यविधि बमोजिम सञ्चालन भएको कार्यक्रमको प्रदेशस्तरमा प्रगति समिक्षा गर्नेछ।

१३. **कार्यक्रम रद्द गर्न सकिने**: (१) ज्ञान केन्द्रको प्राविधिक सरसल्लाह तथा सुझाव अनुसार प्याज खेती नगर्ने लाभग्राहीको सम्झौता रद्द गर्न सकिनेछ तथा सो अवस्थामा ज्ञान केन्द्रले कुनै पनि अनुदान रकम भुक्तानी गर्ने छैन ।

१४. **लाभग्राहीको अभिलेख**: ज्ञान केन्द्रले यस कार्यविधि बमोजिमका लाभग्राहीको अभिलेख अनिवार्य रुपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ ।

१५. **सामाजिक परिचालक करारमा लिन सकिने**: (१) सम्बन्धित ज्ञान केन्द्रले कार्यक्रममा सहजीकरण गर्नका लागि आवश्यकता अनुसारको संख्यामा सामाजिक परिचालकहरुलाई निश्चित समयको लागि सेवा करारमा नियुक्त गर्न सकिनेछ ।

(२) उपदफा (१) अनुसार नियुक्त हुने सामाजिक परिचालक बढीमा ३० कार्यदिनका लागि परिचालन गर्न सकिनेछ ।

(३) उपदफा (१) अनुसार नियुक्त हुने सामाजिक परिचालक कम्तीमा एस.ई.ई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(४) उपदफा (१) अनुसार नियुक्त हुने सामाजिक परिचालकले प्याज खेतीको तथ्याङ्क संकलन, स्थलगत अनुगमन, बाली कटानी गर्ने तथा ज्ञान केन्द्रको निर्देशन बमोजिम अन्य कामकाज गर्नुपर्नेछ ।

१६. **लेखा तथा लेखापरीक्षण** : कार्यक्रमको खर्चको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

१७. **निर्देशन दिन सक्ने**: यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले ज्ञान केन्द्रलाई निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

१८. <u>प्रचलित कानून बमोजिम हुने</u>: प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१९. <u>बाधा अड्काउ फुकाउने र संशोधन</u>: (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यस कार्यविधिमा संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

निमित्त सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

## अनुसूची-१

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**आवेदनको ढाँचा**

मिति:

श्री प्रमुख ज्यू

कृषि ज्ञान केन्द्र, ...................

विषय: व्यवसायिक प्याज खेती बिस्तार कार्यक्रममा समावेश गरिदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट आ.ब. २०....../....... मा व्यवसायिक प्याज खेती विस्तार कार्यक्रमा म/हामी संलग्न भई कार्यालयले तोके बमोजिमको प्राविधिक सरसल्लाह प्याज खेती बिस्तार गर्न ईच्छुक भएको हुँदा उक्त कार्यक्रममा समावेश गरिदिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।साथै सोका लागि आवश्यक कागजातहरु समेत यसै आवेदन साथ पेश गरेको व्यहोरा अनुरोध छ ।

क. आवेदकको कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कम्पनीको नाम:

ख. आवेदकको कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कम्पनीको ठेगाना:

ग. प्याज खेती बिस्तार गर्ने जग्गाको ठेगाना:

घ. प्याज खेती बिस्तार गरिने क्षेत्रफल (हेक्टर):

ङ. आवेदकको कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कम्पनीको आधिकारीक व्यक्तिको हस्ताक्षर र छाप:

**संलग्न कागजात**

१. कृषक समूह/कृषि सहकारी संस्था/कम्पनी/फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपी

२. कृषक समूह/कृषि सहकारी संस्था/कम्पनी/फर्मको निर्णयको प्रतिलिपी

३. नागरिकता र लालपूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि

४. ..............................

निमित्त सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

# अनुसूची -२

(दफा ८ को उपदफा (७) सँग सम्बन्धित)

## मुल्याङ्कनका आधारहरु

| क्र.सं. | मुल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| १ | माग गरेको क्षेत्रमा व्यवसायिक प्याज खेतीको प्राविधिक संभावना | |
| २ | सडक, विद्युत, सिंचाइ सुविधा भएको | |
| ३ | सामुहिक रुपमा जग्गाको चक्लाबन्दी गरी प्याज खेती गर्ने | |
| ४ | लक्षित समुदाय | |

निमित्त सचिव

## अनुसूची-३

(दफा ८ को उपदफा (९) सँग सम्बन्धित)

**लागत साझेदारी तथा सम्झौता पत्रको ढाँचा**

**कृषि ज्ञान केन्द्र..................... र.......................................................... बीच**
**व्यवसायिक प्याज खेती कार्यक्रम सञ्चालनका लागि भएको सम्झौता-पत्र**

कृषि ज्ञान केन्द्र.....................(यस पछि यस लिखतमा प्रथम पक्ष भनिने) र.......................... (यस पछि यस लिखतमा दोस्रो पक्ष भनिने) बीच आ.व. ...... को व्यवसायिक प्याज खेती कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउने प्रयोजनका लागि तपसिलका शर्तनामाहरु तथा लागत साझेदारीको अधिनमा रहने गरी द्विपक्षीय सम्झौता गरिएको छ ।

**शर्तनामाहरु:**

१. दोस्रो पक्षले यस सम्झौता बमोजिम ........................ क्षेत्रफलमा व्यवसायिक प्याज खेती गर्नेछ ।

२. प्रथम पक्षले यस सम्झौता बमोजिमको प्याज उत्पादन गरे वापत प्रति के.जी. रु. ५.०० अनुदान रकम प्रदान गर्नेछ ।

३. दोस्रो पक्षले सञ्चालन गर्ने सम्पूर्ण क्रियाकलाप प्रथम पक्षको प्राविधिक रेखदेख र निर्देशन बमोजिम गर्नुपर्नेछ ।

४. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रम सम्बन्धि पूर्ण जानकारी झल्किने बोर्ड राख्नु पर्नेछ ।

५. प्रथम पक्षले जुनसुकै बेलामा पनि कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ । सो क्रममा प्रथम पक्षले माग गरेको जानकारी दोस्रो पक्षले अनिवार्य रुपले उपलब्ध गराउनु पर्नेछ ।

६. दोस्रो पक्षले सम्झौता अनुसारको प्याज रोप्ने कार्य मिति................ भित्र अनिवार्य रुपले सम्पन्न गर्नुपर्नेछ ।

७. भुक्तानी सम्बन्धमा दोस्रो पक्षले प्रथम पक्षलाई बाली कटानी हुन भन्दा १ महिना अगावै स्थलगत अनुगमन गरी बाली कटानी गरिपाउँ भनी कार्यालयमा आवेदन पेश गरिसके पश्चात, प्रथम पक्षले स्थलगत निरीक्षण तथा बाली कटानी गरी तयार गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा दोस्रो पक्षको बैंक खातामार्फत भुक्तानी दिनेछ ।

८. दोस्रो पक्षले अनिवार्य रुपमा कार्यक्रमको सार्वजनिक जानकारी गराउनेछ ।

९. यस सम्झौतामा उल्लेखित शर्तहरु दुवै पक्षका लागि समान रुपले मान्य तथा बन्धनकारी हुनेछन् । कुनै एक पक्षले सम्झौताको शर्तहरुको पालना नगरेमा अर्को पक्ष एकतर्फी रुपमा सम्झौता भङ्ग गर्न स्वतन्त्र हुनेछ ।



निमित्त सचिव

१०. यस सम्झौतामा रहेका शर्तहरु यसै बमोजिम र नपरेका कुराहरु प्रचलित नियम तथा कानून बमोजिम हुनेछ ।

**प्रथम पक्ष को तर्फबाट**

नामः

पदः

मितिः

कार्यालयको छापः

**दोश्रो पक्षको तर्फबाट**

नामः

पदः

मितिः

छापः

निमित्त सचिव

प्रदेश सरकार

## अनुसूची -४

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

## स्थलगत अनुगमन तथा बाली कटानी गरी पाउँ भन्ने निवेदनको ढाँचा

मिति:

श्री प्रमुख ज्यू

कृषि ज्ञान केन्द्र, ....................

विषय: स्थलगत अनुगमन तथा बाली कटानी गरी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयसँग मिति ...............................मा व्यवसायिक प्याज खेती विस्तार कार्यक्रम सञ्चालनका लागि भएको सम्झौता बमोजिमको................................ क्षेत्रफलमा प्याज खेती गर्ने कार्य सम्पन्न भई सकेको हुँदा उक्त प्याज खेतीको स्थलगत अनुगमन गरी बाली कटानी समेत गरिदिनहुन हार्दिक अनुरोध गर्दछु/गर्दछौं ।

आवेदक

निमित्त सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# अनुसूची -५

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## प्याज खेतीको अनुमानित लागत विवरण

**क्षेत्रफल : १ हेक्टर**

| क) चालु खर्च | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
| १ | जग्गाको भाडा (वार्षिक) | विघा | १ | ३०००० | ३०००० | |
| २ | जमीन तयारी | | | | | |
| २.१ | जमिन तयारीको लागि ज्यामी | जवान | ० | | ० | |
| २.२ | जमिन तयारीका लागि टयाक्टर | घण्टा | ६ | २००० | १२००० | |
| २.३ | जमिन तयारीको लागि ज्यामी | जवान | १५ | ५०० | ७५०० | |
| ३ | प्याज रोपाइ | | | | ० | |
| ३.१ | बीउ | के.जि | १ | २००० | २००० | |
| ३.२ | नर्सरी व्यवस्थापन | मोटामोटी | १ | ३००० | ३००० | |
| ३.३ | ज्यामी (बीउ उखेल्न र रोप्न) | जवान | ३० | ५०० | १५००० | |
| ४ | मलखाद | | | | | |
| ४.१ | कम्पोष्ट मल | टालि | ४ | ५००० | २०००० | |
| ४.२ | रासायनिक मल | | | | ० | |
| ४.३ | युरीया | किलो | ७० | २५ | १७५० | |
| ४.४ | सिंगल सुपर फोस्फेट | किलो | ६० | ५५ | ३३०० | |
| ४.५ | म्यूरेट अफ पोटास | किलो | ४० | ४० | १६०० | |
| ४.६ | सूक्ष्म खाद्यतत्वहरु | मोटामोटी | १ | ५००० | ५००० | |
| ५ | बारी व्यवस्थापन | | | | ० | |
| ५.१ | गोडमेल गर्न ज्यामी | जवान | २० | ५०० | १०००० | |
| ५.२ | झारनाशक विषादि | लि. | ३ | १५०० | ४५०० | |
| ६ | रोगकीरा व्यवस्थापन खर्च | | | | ० | |
| ६.१ | विषादी | लि. | २ | १४०० | २८०० | |
| ६.२ | विषादी छर्न ज्यामी | जवान | २ | ५०० | १००० | |
| ७ | सिंचाइ | | | | | |
| ७.१ | सिचाईका लागि डिजल वा विजुलि खर्च | मोटामोटी | १ | ३००० | ३००० | |
| ७.२ | सिचाई गर्न ज्यामी | जवान | २ | ५०० | १००० | |
| ८ | प्याज खन्न तथा बोरावन्दी गर्न ज्यामी | जवान | २० | ५०० | १०००० | |
| ९ | बजार सम्म ढुवानी खर्च | मोटामोटी | १ | १०००० | १०००० | |
| १० | व्यवस्थापन खर्च | मोटामोटी | १ | ३००० | ३००० | |



निमित्त सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जम्मा चालु खर्च** | | | | १४६४५० | |
| (ख) | स्थिर खर्च | मोटामोटी | १ | ३००० | ५००० | |
| | जम्मा खर्च | | | | १५१४५० | |

**ग उत्पादन**

| सि.नं. | विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | प्याज (१० मेट प्रति हेक्टरका दरले) | कि.ग्रा. | १०००० | २० | २००००० |

**घ) लाभ लागत**

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| क | जम्मा उत्पादन लागत | १५१४५०.०० |
| ख | प्रति कट्ठा लागत | ५०४८.३३ |
| ग | प्रति कट्ठा आम्दानी | ६६६६.६६ |
| घ | खुद नाफा प्रति कट्ठा | १६१८.३३ |
| ङ | प्रति के.जी. उत्पादन लागत रु. | १५.१४ |

निमित्त सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

# अनुसूची -६

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

## बाली कटानी तथा कार्य सम्पन्न प्रतिवेदनको नमुना

| सि.नं. | विवरण | |
|---|---|---|
| १ | कृषकको नाम: | |
| २ | ठेगाना: | |
| ३ | प्याज खेती गरिएको जग्गाको क्षेत्रफल: | ............ कठ्ठा |
| ४ | बाली कटानी गरिएको क्षेत्रफल: | ............ वर्ग मिटर |
| ५ | जम्मा उत्पादन: | ............ के.जी./ वर्ग मिटर |
| ६ | ...... क्षेत्रफलमा जम्मा अनुमानित उत्पादन: | |
| ७ | प्रति के.जी. अनुदान रु.: | |
| ८ | जम्मा अनुदान रकम रु.: | |

तयार गर्ने　　　　काम गर्ने　　　　जाँच गर्ने　　　　सदर गर्ने

छाप

समिति सचिव